सन्तोष घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

# कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/११/२०७९/०८०

**निर्णय नं. (१)**

प्रस्ताव नं. (१) माथि छलफल गर्दा गाउँपालिकाका अध्यक्षज्यू मार्फत् बैठक समक्ष पेश हुन आएको **आफ्नै बारी अर्गानिक पोखरी कार्यक्रम सञ्चालन कार्यविधि, २०७९** को मस्यौदा उपर दफावार छलफल भयो र, बैठकमा पेश भए बमोजिम उक्त कार्यविधि स्वीकृत गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।
(कानेपोखरी राजपत्र मार्फत् उक्त कार्यविधि सार्वजनिक गरिनेछ)

**निर्णय नं. (२)**

प्रस्ताव नं. (२) माथि छलफल गर्दा गाउँपालिकाका अध्यक्षज्यू मार्फत् बैठक समक्ष पेश हुन आएको **'ग' वर्गका अपाङ्गता परिचयपत्रवाहक व्यक्तिहरुलाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७९** उपर दफावार छलफल भयो र, बैठकमा पेश भए बमोजिम उक्त कार्यविधि स्वीकृत गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।
(कानेपोखरी राजपत्र मार्फत् उक्त कार्यविधि सार्वजनिक गरिनेछ)

**निर्णय नं. (३)**

प्रस्ताव नं. (३) माथि छलफल गर्दा राजस्व तथा आर्थिक प्रशासन शाखा र योजना तथा अनुगमन शाखावाट २०७९।०६।०७ गते टिप्पणी उठान भई बैठक समक्ष पेश हुन आएको आन्तरिक राजस्व खाता र धरौटी खातामा अलग/अलग जम्मा गर्नुपर्ने रकम फरक/फरक खातामा जम्मा भएको धरौटी फिर्ताको रकम, अधिकृत छैठौं श्री डम्वर वहादुर राईले कार्यक्रम सञ्चालनका लागि लिएको पेश्की फछ्यौंट गर्दा बढी वैंक जम्मा भएको रकम (भौचर वमोजिम) र आर्थिक वर्ष २०७८।०७९ को अन्त्यमा जारी भएको तर, चेकको भुक्तान अवधि समाप्त भई सटही नभएको चेक तत्/तत् खर्च शीर्षकवाट उल्लिखित शाखाको सिफारिस वमोजिम सम्वन्धित पक्षलाई भुक्तानी गर्ने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (४)**

प्रस्ताव नं. (४) माथि छलफल गर्दा पन्ध्र शैयाको कानेपोखरी अस्पताल, भलुवा सिमसार, Supplying and Laying of River Bed Materials at Differrent Ward of Kanepokhari Rural Municipality लगायतका आयोजनामा नेपाल सरकार तथा प्रदेश सरकारवाट प्राप्त हुने राजस्व बाँडफाँड वापतको रकम, घरजग्गा रजिष्ट्रेशन बाँडफाँड वापतको रकम, दहत्तर/वहत्तर बाँडफाँड वापतको रकम तथा नेपाल सरकारको सम्वन्धित वजेट शीर्षकवाट खर्च लेख्ने गरी सञ्चालनमा आएका आयोजनाका लागि अपेक्षित रकम समेत निकासा भई नसकेको कारण उल्लिखित आयोजनाको रनिङ विल र अन्तिम विल भुक्तानीको लागि सम्वन्धित निर्माण व्यवसायी एवम् आपूर्तिकर्तावाट निवेदन माग भई आएको तर, रकम भुक्तानी गर्न नसकिएको विषयमा बैठकमा जानकारी भयो। उक्त निर्माण व्यवसायी एवम् आपूर्तिकर्तालाई गाउँपालिकाको स्थानीय सञ्चित कोषको विभिन्न शीर्षकवाट पछि रकम सोधभर्ना गर्नेगरी रनिङ बिल तथा अन्तिम विल वमोजिमको रकम भुक्तानी दिने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (५)**

## मिति २०७९।०६।०९ गते बसेको कानेपोखरी गाउँ कार्यपालिकाको बैठकको निर्णय

राजेन्द्र ...
अध्यक्ष

सन्तोष तिमिल्सिने
प्रमुख प्रशासकीय अधिकृत

कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/११/२०७९/०८०

प्रस्ताव नं. (५) माथि छलफल गर्दा "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र उपलब्ध गराउने कार्यपालिकामा निहित अधिकार कानेपोखरी गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७८ को नियम ६ को उपनियम (१) वमोजिम गाउँपालिकाका अध्यक्षज्यूलाई प्रत्यायोजन गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

निर्णय नं. (६)

प्रस्ताव नं. (६) माथि छलफल गर्दा विजयादशमी, २०७९ को सु-अवसरमा देहायमा उल्लिखित सुरक्षा निकाय तथा मन्दिरहरुलाई पुजा व्यवस्थापन कार्यमा विविध खर्च शीर्षकवाट खर्च लेख्ने गरी सहयोग उपलब्ध गराउने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

| सि.नं. | सुरक्षा निकाय तथा मन्दिरको नाम | पुजा व्यवस्थापनमा उपलब्ध गरिने रकम |
|---|---|---|
| १. | नगर प्रहरी/दमकल, कानेपोखरी गाउँपालिका | तीस हजार रुपैंया |
| २. | अस्थायी प्रहरी चौकी, कानेपोखरी ७ | वाह्र हजार रुपैंया |
| ३. | रमाइलो प्रहरी चौकी, कानेपोखरी ६ | पन्ध्र हजार रुपैंया |
| ४. | सशस्त्र प्रहरी सुरक्षा वेस क्याम्प, वाहुनी | पन्ध्र हजार रुपैंया |
| ५. | इलाका प्रहरी कार्यालय, पथरी | पन्ध्र हजार रुपैंया |
| ६. | ४ नं. वडा, बयरवन वजारको दुर्गा मन्दिर | दश हजार रुपैंया |

निर्णय नं. (७)

प्रस्ताव नं. (७) माथि छलफल गर्दा चियापान र अतिथि सत्कार तथा अन्य खर्च शीर्षकमा कानेपोखरी गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७८ ले निर्धारण गरेको सिलिङ उपर सामयिक संशोधन गर्न सवै वडा कार्यालयको अनुरोधमा गाउँपालिकाका अध्यक्षज्यूवाट वैठक समक्ष पेश हुन आएको कानेपोखरी गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७८ उपर पहिलो संशोधन गरी सोही निर्देशिका वमोजिम खर्च व्यवस्थित गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

(कानेपोखरी राजपत्र मार्फत् उक्त संशोधित निर्देशिका सार्वजनिक गरिनेछ)

निर्णय नं. (८)

प्रस्ताव नं. (८) माथि छलफल गर्दा गाउँपालिकाका अध्यक्षज्यू मार्फत् वैठक समक्ष पेश हुन आएको **अतिरिक्त समयमा खटिने कर्मचारीलाई प्रोत्साहन उपलब्ध गराइने सम्वन्धी मापदण्ड, २०७९** को मस्यौदा उपर छलफल भयो। मापदण्डको अनुसूचीमा उल्लिखित सूचक र प्रोत्साहन शीर्षकमा सभाद्वारा स्वीकृत वजेट समेतको तादम्यता कायम हुनेगरी गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष र सवै वडाका वडा अध्यक्षहरुले मापदण्ड प्रमाणीकरण हुनु अगावै अन्तिम रुप दिने गरी मापदण्ड स्वीकृत गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

(कानेपोखरी राजपत्र मार्फत् उक्त मापदण्ड सार्वजनिक गरिनेछ)

**आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।**

मिति २०७९।०६।०९ गते बसेको कानेपोखरी गाउँ कार्यपालिकाको बैठकको निर्णय

राजमती पोखरेल
अध्यक्ष